शैक्षिक तालिम केन्द्र र अगुवा स्रोतकेन्द्र तर्फ

भाद्र, २०७४

# बार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका

## Program Implementation Manual (PIM)आर्थिक बर्ष २०७४/७५

शैक्षिक जनशक्ति बिकास केन्द्र

सानोठिमी

# बिषयसूची


| क्र. सं. | बिषय | पेज नम्बर |
|---|---|---|
| १ | बिषयसूची | १ |
| २ | प्रस्तावना | २ |
| ३ | बार्षिक कार्यक्रमका प्रथमिकता | २ |
| ४ | कार्यान्वयनका लागि बिषेश सावधानी | २ |
| ५ | कार्यान्वयन कार्यबिधि | ३-१२ |
| ६ | टिपिडी तालिममा मनोनयन गरिपाउन आबेदन-पत्र (application): ढाँचा | १३-१४ |
| ७ | शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोतकेन्द्रको काम, कर्तब्य र अधिकार | १५-१६ |
| ८ | शैक्षिक तालिम केन्द्रहरुको सेवा क्षेत्र २०७३ | १७-१९ |

## 1. प्रस्तावना

शैक्षिक जनशक्ति बिकास केन्द्र (National Center for Educational Development-NCED) को अधिकार तथा जवाफदेहिताको दायेराभित्र रहेका क्षमता बिकास कार्यक्रम त्यसमा पनि मुलत: शिक्षक बिकास र कर्मचारी विकास कार्यक्रमहरु मुख्य हुन । मुलुकका ७५ वटै जिल्लामा फैलिएका आफ्नै कार्यान्वयन सम्यन्त्र- २८ वटा शैक्षिक तालिम केन्द्रहरु र ४६ वटा अगुवा स्रोतकन्द्रहरु- बाट आर्थिक बर्ष २०७४/२०७४ भरमा बिशेष सहजतापूर्वक, प्रभावकारी र जवाफदेही ढँगले कार्यान्वयन गराउने हेतुले (objective) यो कार्यक्रम कार्यान्वयन पूस्तिका (Program Implementation Manual-PIM) तयार गरिएको छ । विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan-SSDP) ले शिक्षक पेशागत विकासको प्रारुप २०७२, शिक्षक सक्षमता प्रारूप लगायत बिगतबाट आर्जित सँस्थागत सिकाइ तथा समग्र तालिम सम्यन्त्र **(NCED system)** को पूनर्जीवन **(revival)** प्रदान गर्ने दुरदृष्टि (vision) जस्ता पक्षहरुलाई बार्षिक कार्यक्रम तर्जुमाको मार्गदर्शक सिद्धान्त (guiding principles) मानिएको छ । यसरी निर्मित बार्षिक कार्यक्रम कार्यान्वयन गर्न बिद्यमान आर्थिक ऐन, नियमावली, NCED-ETC तथा NCED-LRC अन्तरनिर्भरता, बिगतका गुनासा एवम् अपूर्णता (deficiencies) को सम्बोधन तथा लक्षित ब्यक्ति वा संस्थाको आवश्यक्ता पूर्ति (demand-response) जस्ता पक्षहरुलाई उच्चतम् रुपमा अनुसरण गरिने छ ।

## 2. बार्षिक कार्यक्रमका प्राथमिकता

- ♣ बिध्यमान तालिम प्रदायक र तालिम कार्यक्रम र सम्यन्त्रलाई सँघीय संरचना अन्तर्गत अनुकुलित तुल्याउन सँस्थागत रुपान्तरण प्रकृया तीब्र पार्ने ।
- ♣ टिपिडि तालिमको गुणस्तरमा थप सुधार (standardize) गर्न तालिम प्रमाणीकरण, तालिम सञ्चालन प्रकृया र तालिम कोर्ष एवम् प्याकेजहरु निर्माण प्रकृयालाई केन्द्रीकरण गर्ने ।
- ♣ शिक्षा प्रणालीमा कार्यरत सबै प्रकारका शिक्षकहरुको तालिममा पहुँच (access) अभिबृद्धि गर्न प्रमाणीकरण तालिम, customized training, अनलाइन पेशागत तालिम, भचुर्यल शिक्षण सम्वन्धी तालिम जस्ता व्यवस्थाले तालिममा विविधीकरण (diversity) प्रबर्धन गर्ने ।
- ♣ तालिम निकायहरुको भौतिक पूर्बाधार सुदृढीकरण (infrastructure), सूचना प्रबिधिका लागि उपकरण (technology), जनशक्ति बिकास (HRD) तथा तालिम निकाय प्रमुखहरुसँग कार्य सम्पादन करार प्रबन्ध (law) जस्ता सँस्थागत क्षमता विकासका ४ वटै अवयवहरुमा (institutional capacity building) समानान्तर रुपमा जोड दिने ।

## 3. कार्यान्वयनका लागि बिशेष सावधानी

- ♣ यस पुस्तिकामा उल्लेखित कार्यबिधिका आधारमा आन्तरिक तथा अन्तिम लेखापरीक्षण र नियमित अनुगमन गरिने भएकाले यसको पालनालाई आर्थिक प्रशासन र कार्यसम्पादन मुल्याङ्न दुबै दृष्टिले कानूनी दायित्व (legal obligation) मान्नु पर्ने ।
- ♣ शैक्षिक तालिम केन्द्र, जिल्ला शिक्षा कार्यालय, अगुवा स्रोतकेन्द्र र स्रोतकेन्द्रबीच कार्यगत एकता, समन्वय र सौहार्दता (coordination) कायम गर्नु पर्ने ।
- ♣ संस्थागत बिद्यालयहरुसँगको साझेदारी प्रकृयामा उच्च पारदर्शिता र संस्थागत बिश्वासनीयता (credibility) पालना गर्नुपर्ने ।
- ♣ प्रदान गरिएको तालिमको कक्षाकोठामा उपयोग स्तरका आधारमा प्रत्येक तालिम सञ्चालन प्रकृया अद्यावधिक तथा परिस्कार गर्नु पर्ने ।
- ♣ प्रत्येक कार्यक्रम सञ्चालनको खर्च ब्यवस्था गर्दा स्वीकृत खर्च गर्ने आधार (Norms) अनुसरण गर्नु पर्ने ।
- ♣ कुनै पनि कार्यक्रमको परिभाषित नतिजा सूचक (result) पुरा नगरी खर्च गरेको खण्डमा त्यस्तो खर्चलाई बेमनासीव अथवा बेनियमपूर्बकको खर्च (ineligible expenditure) मानिने भएकाले यस्तो खर्चको जिम्मेवारी खर्चगर्ने अधिकारीले मात्र लिनुपर्ने ।
- ♣ चालू आबमा खर्च गर्ने नर्मस् (Norms) स्वीकृत भइनसकेकाले प्रस्ताबित नर्मस्का आधारमा एकाइ लागत (unit cost)निकाली प्रत्येक कार्यक्रम शीर्षकको बजेट हिसाब गरेर अख्तियारी जारी गरिएको भएतापनि चालु आबको नयाँ नर्मस् स्वीकृत भइनआउन्जेलसम्म विगतमा स्वीकृत नर्मस् बमोजिम कार्यक्रम सञ्चालन गर्ने ।

1. **कार्यान्वयन कार्यबिधि ( ब. उ. शि. न. ३५०८०६ र ३५०१३८)**

| क्र. स. | शीर्षक)कास न | कार्यकलाप | लक्ष्य | वजेट (000/-) | कार्यविधि | समय सीमा | जिम्मेबारी | नतिजा (अनुगमन) सूचक |
|---|---|---|---|---|---|---|---|---|
| १ | 2.19.1.64 (22611) | कार्यक्रम अनुगमन, स्थिति प्रतिबेदन तथा अनुगमन प्रतिबेदन तयारी | २८ | १४५० | 1. वर्षभर सञ्चालन हुने सबै प्रकारका तालिम कार्यक्रमका प्रशिक्षार्थीमध्ये प्रतिनिधिमूलक रुपमा स्थलगत अनुगमन समेत गरी समष्टिगत वार्षिक अनुगमन प्रतिवेदन तयार गर्ने ।<br>2. वार्षिक कार्यक्रम कार्यान्वयनको विस्तृत स्थिति प्रतिवेदन (status report) |  | २८ शैताके | ♣ २ वटा प्रतिवेदन |
| २ | 2.13.1.39 (22412) | शैताकेमा करारमा रहेका कर्मचारीहरु सवारी चालक कार्यालय सहयोयी रा. प. अन. प्रथम कर्मचारीका लागि तलव | २६ | ६१८८ | 1. सस्थागतरुपमा अत्यावश्यक कर्मचारी विवरण NCED (प्रशासन शाखा) समक्ष पेश गर्ने ।<br>2. दरबन्दी स्वीकृत नधएका पदमा कुनै पनि कर्मचारी राख्न नपाइने साथै त्यस्तो अवस्थामा तलब भत्ताको झमेला उत्पन्न भएमा कार्यालय प्रमुख स्वयम् जिम्मेवार हुनुपर्ने । |  | ०८ वटा सवारी साधन भएका शैताके | ♣ तास्वीकृत दरवन्दी सूची |
| ३ | 2.14.1.45 (22511) | परिषदबाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका तालिम अप्राप्त स्थायी शिक्षककालागि | ७२५ | ६५२५ | 1. तालिम अप्राप्त स्थायीमध्ये ईच्छुक शिक्षकको आबेदन (application) सँकलन गरी सम्भाब्य प्रशिक्षार्थीको प्राथमिकता सूची तयार गर्ने ।<br>2. त्यस सूचीका आधारमा विषयगत तथा जिल्लागत कोटा निर्धारण गर्ने ।<br>3. परिषदबाट स्वीकृत तालिम पाठ्यक्रम बमोजिम १०+५ दिनको टिपिडि |  | २८ शैताके | ♣ जिल्लागत विषयगत कोटा |
| ४ | 2.14.1.46 (22511) | परिषदबाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा आधारभुत तहका तालिम अप्राप्त स्थायी शिक्षकलाई (EGRP लागू नभएका ६५ जिल्लाहरुका हकमा)टिपिडि प्रमाणीकरण तालिम (EMI तथाशिक्षणमा ICT प्रयोग | १८७५ | १५ bbb bbbbbb bbbbb ००० | 1. तालिम अप्राप्त स्थायीमध्ये ईच्छुक शिक्षकको आबेदन (application) सँकलन गरी सम्भाब्य प्रशिक्षार्थीको प्राथमिकता सूची तयार गर्ने<br>2. परिषदबाट स्वीकृत तालिम पाठ्यक्रम बमोजिम १०+५ दिनको टिपिडि प्रमाणीकरण तालिम सन्चालन गर्ने ।<br>3. EMI र शिक्षणमा ICT प्रयोग विषयमध्ये विद्यालय र शिक्षकको मागका आधारमा तालिम सञ्चालन गर्ने । विगतमा यस्ता तालिम अप्राप्त मध्येबाट शिक्षक छनौट गर्न सकिने ।<br>4. तालिमका सवै सहभागीहरुलाई तालिम प्याकेज (Training Manual) |  | ६५ जिल्लाका शैताके र अगुवा स्रोतकेन्द्र | ♣ प्राप्त जिल्लागत कोटा तालिका |
| ५ | 2.14.1.47 (22511) | परिषदबाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा तालिम अप्राप्त बालबिकास शिक्षक/सहयोगी कार्यकर्तालाई | १८७५ | १५००० | 1. हालसम्म कुनै पनि तालिम अप्राप्तमध्ये ईच्छुक शिक्षकको आबेदन (application) सँकलन गरी सम्भाब्य प्रशिक्षार्थीको प्राथमिकता सूची तयार गर्ने<br>2. परिषदबाट स्वीकृत तालिम पाठ्यक्रम बमोजिम १०+५ दिनको टिपिडि | २८ शैताके + ४६ LRC |  | ♣ जिल्लागत कोटा |
| ६ | 2.14.3.27 (22511) | सरकारद्वारा तोकिएका नमुना विद्यालय (Model School) का तथा प्रवविधिक धारका विद्यालयका प्रअलाई सघन अभिमूखीकरण तालिम | २६५ | ७९५ | 1. शिक्षा विभागले छनौट गरेका नमुना माध्यमिक विद्यालय तथा प्राविधिक विद्यालयका प्रअहरु तथा विव्यस अध्यक्षहरुको नामनामेसी तयार गर्ने ।<br>2. NCED (विद्यालय ब्यवस्थापन तालिम शाखा) बाट स्वीकृत गरिएको ३-दिने अभिमूखीकरण तालिम सञ्चालन गर्ने ।<br>3. तालिमका सबै सहभागीहरुलाई तालिम स्रोत सामग्री (TRM) वितरण गर्ने । |  | तोकिएको शैताके | ♣ ……प्रमाणपत्र प्राप्त प्रअ तथा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | 2.14.1.48 (22511) | परिषदबाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा आधारभूत र मावि तहका प्रअलाई एकीकृत रुपमा | ७२५ | ६५२५ | 1. स्वीकृत एकमुष्ठ कोटा तथा मागका आधारमा जिल्लागत तहगत तालिम कोटा निर्धारण गर्ने ।<br>2. परिषदबाट स्वीकृत १-महिने एकीकृत पाठ्यक्रम (आधारभूत र माबि दुबै तहका लागि एकै साझा कोर्ष) वमोजिम तालिम सञ्चालन गर्ने । | | २९ वटा शैताके | ♣ ७२५ जना प्रमाणपत्र प्राप्त |
| ८ | 2.14.3.24 (22511) | NCED बाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा सामुदायिक विद्यालयका मावितहका (कक्षा: ९-१२) गैरस्थायी तथा अँग्रजी, विज्ञान र गणित विषयका शिक्षकका | १८७५ | ९३७५ | 1. सेवाक्षेत्रका ईच्छुक शिक्षकबाट शिक्षकको आबेदन (application) सँकलन गरी सम्भाब्य प्रशिक्षार्थीको सूची तयार गर्ने ।<br>2. गैरस्थायी तथा स्थायी अँग्रजी, विज्ञान र गणित विषयका शिक्षकमध्ये प्राथमिकता-सूची तयार गर्ने र जिल्लागत तथा विषयगत कोटा निर्धारण गर्ने ।<br>3. NCED (तालिम शाखा) बाट स्वीकृत तालिम पाठ्यक्रम प्रयोग गरी ५- | | २९ शैताके | ♣ Customized course + Reference books |
| ९ | 2.14.3.25 (22511) | NCED बाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा सामुदायिक विद्यालयका आधारभूततहका (कक्षा: १-८) गैरस्थायी शिक्षकका लागि कष्टमाईज्ड टिपिडी तालिम | १८७५ | ७५०० | 1. सेवाक्षेत्रका ईच्छुक शिक्षकबाट शिक्षकको आबेदन (application) सँकलन गरी सम्भाब्य प्रशिक्षार्थीको सूची तयार गर्ने ।<br>2. गैरस्थायी तथा अँग्रजी, विज्ञान र गणित विषय शिक्षणका लागि तोकिएका स्थायी शिक्षकमध्ये प्राथमिकता-सूची तयार गर्ने र जिल्लागत तथा विषयगत कोटा निर्धारण गर्ने ।<br>3. NCED (तालिम शाखा) बाट स्वीकृत तालिम पाठ्यक्रम प्रयोग गरी ५- | | २९ वटा शैताके र ४६ वटा अगुवा स्रोतकेन्द्र | ♣ Customized course + Reference books |
| १० | 2.14.3.28 (22511) | NCED बाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा संस्थागत विद्यालयका शिक्षकहरुका लागि साझेदारी मोडेल अन्तर्गत कस्टमाइज्ड टिपिडी तालिम सञ्चालन | ४००० | ४००० | 1. सेवाक्षेत्रका संस्थागत विद्यालयहरुसँगको परामर्शमा ईच्छुक प्रशिक्षार्थीको सूची तयार गर्ने ।<br>2. NCED (तालिम शाखा) बाट स्वीकृत तालिम पाठ्यक्रम प्रयोग गरी ५-दिनको कस्टमाईज्ड तालिम सञ्चालन गर्ने ।<br>3. तालिम सञ्चालन गर्दा नपुग खर्च व्यवस्थापन गर्न सम्वन्धित विद्यालय एवम् प्रशिक्षार्थी शिक्षकसँग साझेदारी गर्ने । | | २९ शैताके | ♣ ४००० प्रमाणपत्र प्राप्त शिक्षकहरु |
| ११ | 2.15.5.68 (22522) | विद्यालयको शिक्षण सिकाइ चालु रहेकै बखत स्थलगत अवलोकनमा आधारित सघन अनुसन्धान सञ्चालन | २९ | १४५० | 1. NCED (अनुसन्धान शाखा) बाट विकास गरिएको अनुसन्धान गाइडलाइन अनुसार आफ्नो जिल्लाका नमुनाका रुपमा कम्तीमा २० वटा विद्यालयहरुमा कक्षा अवलोकनका आधारमा शिक्षण सुधारकेन्द्रित अनुसन्धान सञ्चालन गर्ने ।<br>2. विद्यालयको पृष्ठभूमि, अध्ययनका साधन, शिक्षणका उदाहरणीय अभ्यास, | | २९ शैताके | ♣ अनुसन्धान प्रतिवेदन |
| १२ | 2.15.40.227 (22522) | प्रदेशस्तरमा रुपान्तरित हुनसक्ने क्षेत्रस्तरका शैताकेहरुबाट तालिम योजना तर्जुमा तथा सेवा क्षेत्रभित्रका अन्य ETCs/LRCs को प्रशासनिक समन्वय तथा प्राविधिक सहजिकरण (Technical | ९ | १८०० | 1. आफ्नो सेवाक्षेत्र भित्रका सबै जिल्लाहरुमा बिगत SSRP अबधिभर (2066-2072) को TPD मोड्युल प्राप्त शिक्षकको अध्याबधिक नामनामेसी विवरण दस्तावेज तयार गर्ने ।<br>2. बिगतको तालिम कार्यक्रमहरुको प्रभावकारिता विश्लेषणका आधारमा ७-वर्षे क्षेत्रीय तालिम योजना (२०७३/७४ - २०७९/८०) अध्यावधिक गर्ने ।<br>3. मातहतका शैताके र अगुवा स्रोतकेन्द्रहरु समेटी कार्य योजना गोष्ठि तथा बार्षिक प्रगति समीक्षा गोष्ठि सञ्चालन गरी प्रतिवेदन तयार गर्ने र समीक्षा सम्पन्न हुनासाथ दुवै प्रतिवेदनहरु NCED समक्ष पेश गर्ने । | | ९ वटा शैताके | ♣ प्रतिवेदनतालिम कार्य योजना |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | 2.15.40.228 (22522) | शैताके र अगुवा स्रोतकेन्द्रका लागि कार्यक्रम ब्यावस्थापन खर्च | ७५ | ८००० | 1. तालिमहरुको प्रभावकारिता बृद्धि गर्न र प्रशासनिक चुस्तता कायम राख्न आवश्यक पर्ने आकस्मिक (contingency) कार्यहरु सम्पादन गर्न सम्बन्धित शीर्षकमा स्वीकृत बार्षिक वजेट नपुग हुनगएमा खर्च गर्ने ।<br>2. तालिमको उपयोग अभिवृद्धि गर्ने प्रयोजनका लागि प्रवर्तनात्मक | | २९ शैताके र ४६ अगुवा स्रोतकेन्द्र | ♣ वटा.सामग्री. वटा कार्यहरु र करण |
| १४ | 2.14.3.26 (22511) | NCED बाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा बालबिकास शिक्षक/सहयोगी कार्यकर्तालाई कष्टमाईज्ड टिपिडि तालिम सचालन | १८७५ | ७५०० | 6. सेवाक्षेत्रका ईच्छुक शिक्षकबाट शिक्षकको आबेदन (application) सँकलन गरी सम्भाब्य प्रशिक्षार्थीको सूची तयार गर्ने ।<br>7. यस पूर्व कुनै एक चरणको तालिम वा विगतमा १५-दिन वा १६-दिनको तालिम प्राप्त शिक्षकमध्ये प्राथमिकता-सूची तयार गर्ने ।<br>8. NCED (तालिम शाखा) बाट स्वीकृत तालिम पाठ्यक्रम प्रयोग गरी ५-दिनको कस्टमाईज्ड तालिम सञ्चालन गर्ने ।<br>9. तालिममा सवै प्रशिक्षार्थीहरुलाई तालिम सन्दर्भ सामग्री (reference | | २९ वटा शैताके र ४६ वटा अगुवा स्रोतकेन्द्र | ♣ Customized course + Reference books |
| १५ | 2.14.1.49 (22511) | परिषदबाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा ईजिआर विषयमा टिपिडी प्रमाणीकरण तालिम सञ्चालन (ईजिआरपी लागू भएका १० जिल्लामा) | ६७०० | ५३६०० | 1. शिक्षा मन्त्रालयबाट स्वीकृत भईआउने तोकिएका १० वटा जिल्लामाका सबै आधारभूत विद्यालय समेट्ने गरी तालिम कार्यान्वयन गर्ने ।<br>2. आधारभूत तहको मुलत: कक्षा १-३ मा नेपाली विषय समेत अध्यापन गर्ने तालिम अप्राप्त शिक्षकहरुमध्ये शिक्षकको आबेदन (application) का आधारमा सम्भाब्य प्रशिक्षार्थीको प्राथमिकता सूची तयार गर्ने<br>3. परिषदबाट स्वीकृत तालिम पाठ्यक्रम बमोजिम १०+५ दिनको टिपिडि पेशागत विकास प्रमाणीकरण तालिम सञ्चालन गर्ने | | शैताके<br>---------- | ♣ ६७०० जना प्रमाण पत्र प्राप्त शिक्षक |
| १६ | 2.14.3.49 (22511) | विगत २ बर्षसम्म ईजिआर विषयको ७-दिने कोर्षमा तालिम प्राप्त शिक्षकलाई टिपिडी प्रमाणीकरण मान्यताका लागि थप ८-दिने ब्रिजकोर्ष सञ्चालन | १७०० | ८५०० | 1. विगत वर्षहरुमा ७-दिने ईजिआरपी तालिम प्राप्त स्थायी शिक्षकहरुको नामनामेसी तथा आबेदन (application) का आधारमा सम्भाब्य प्रशिक्षार्थीको प्राथमिकता सूची तयार गर्ने<br>2. परिषदबाट स्वीकृत ८-दिने Bridge Course को पाठ्यक्रमका आधारमा स्थायी शिक्षकलाई मात्र तालिम सञ्चालन गर्ने<br>3. तालिमका सवै सहभागीहरुलाई तालिम प्याकेज (Training Manual) लगायतका सन्दर्भ सामग्री सेट अनिवार्य रुपमा वितरण गर्ने । | | शैताके कञ्चनपूर, बाँके, कास्की र सप्तरी तथा LRC मनाङ र भक्तपुर | ♣ १७०० जना प्रमाणपत्र प्राप्त शिक्षक |
| १७ | 2.14.3.30 (22511) | ईजीआरपी लागू भएका नयाँ १० जिल्लामा रिडीङ मोटिभेटरलाई कष्टमाईज्ड तालिम सञ्चालन | ४७० | २३५० | 1. शिक्षा मन्त्रालयबाट स्वीकृत भईआउने तोकिएका १० वटा जिल्लामा मात्र यो तालिम कार्यान्वयन गर्ने ।<br>2. शिक्षा विभागबाट तोकिएका EGRP Reading Motivators का लागि NCED बाट स्वीकृत तालिम पाठ्यक्रम तथा तालिम प्याकेजका आधारमा ५-दिने Customized Training सञ्चालन गर्ने ।<br>3. तालिममा प्रशिक्षार्थी मुल्याङ्कन गरी तालिम सम्पन्नताको प्रमाणपत्र जारी गर्ने । | | तोकिएका शैताके | ♣ ४७० जना प्रमाण पत्र प्राप्त शिक्षक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | 2.14.3.31 (22511) | ईजीआरपी लागू भएका नयाँ १० जिल्लाका लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन | १५० | ३३०० | 1. शिक्षा मन्त्रालयबाट स्वीकृत भईआउने तोकिएका १० वटा जिल्ला मध्ये कोटा तोकिएका जिल्लाबाट प्रशिक्षकको प्राथमिकता सूची तयार गर्ने ।<br>2. NCED बाट स्वीकृत TOT पाठ्यक्रम तथा तालिम प्याकेजका आधारमा ७-दिने प्रशिक्षक प्रशिक्षण कार्यशाला सञ्चालन गर्ने<br>3. कार्यशाला सम्पन्न हुनासाथ विस्तृत प्रतिवेदन तयार गरी NCED समक्ष पेश गर्ने ।<br>4. ईजिआरपी तालिम सञ्चालनका बखत स्थलगत रुपमा अनुगमन गरी | | तोकिएका शैताके | ♣ १५० जना TOT प्रमाणपत्र प्राप्त प्रशिक्षक |
| १९ | 2.15.1.190/22512 | पिछडिएका समुदायका विशेष रुपमा महिलालाई लक्षित गरी शिक्षक आयोगको प्रतिस्पर्धी छनोट परीक्षा तयारीका निमित्त विशेष कोचीङ तालिम सञ्चालन (युनिसेफ तर्फ) | ७२५ | ६५२५ | 1. आफ्नो सेवा क्षेत्रभित्रका आईएड वा बीएड वा एमएड उतीर्ण उमेद्वारहरुलाई आधारभूत तथा माध्यमिक शिक्षक पदका लागि परीक्षा तयारी कोचीङ {१०-दिने जेनेरिक (विषयगत तयारीका लागि विधिगत प्रशिक्षण समेत)} का लागि भरसक गरीव, दलित, जनजाति वेरोजगार महिलामात्र त्यस्ता नपाइएमा अस्थायी रोजगार महिलामध्ये सार्बजनिक सूचनाका माध्यमबाट प्रशिक्षार्थी छनोट गर्ने ।<br>2. NCED बाट स्वीकृत १०-दिने तालिम कोर्ष तथा तालिम स्रोतसामग्रीका | | २८ वटा शैताके | ♣ ७२५ जना प्रमाणपत्र प्राप्त महिलाहरु । |
| | | जम्मा | 40447 | 330051 | | | | |

## 2. टिपिडि तालिममा मनोनयन गरि पाउन आबेदन-पत्र (application for training) ।

श्रीमान् बरिष्ठ प्रशिक्षक ज्यू , शैक्षिक तालिम केन्द्र.....................
श्रीमान सयोजक ज्यू, ……………………………………………………..अगुवा स्रोतकेन्द्र, ……………………………..

प्रस्तुत विषयमा तहाँबाट आर्थिक बर्ष २०७३।०७४ मा सञ्चालन गरिने माध्यमिक तह/ आधारभुत तहको प्रथम / दोस्रो चरणको (१०+५ दिने) टिपिडि तालिममा तलको तालिकामा उल्लेखित NCED बाट स्वीकृत तालिम कोर्षहरु मध्ये देहायको कोर्ष शीर्षकमा तालिम पाउनका लागि सहभागी गरिदिन हुन आफ्नो ब्यक्तिगत बिवरण सहित विनम्र अनुरोध गर्दछु ।

| क्र. स. | विवरण | | | |
|---|---|---|---|---|
| १ | पद/ तह/ श्रेणी | | | |
| | विद्यालयको नाम ठेगाना | | | |
| ३ | जन्म मिति | | | |
| ४ | हालको पदमा स्थायी नियुक्ति मिति | | | |
| ५ | अस्थायी राहत नियुक्ति मिति | | | |
| ६ | हालसम्म सम्पन्न गरेको टिपिडि मोड्युलको नाम र सम्पन्न बर्ष | मोड्युल | मोड्युल शीर्षक | सम्पन्न बर्ष |
| | | प्रथम | | |
| | | दोस्रो | | |
| | | तेस्रो | | |
| ७ | तलको अनुसूचीका आधारमा भागलिन चाहेको तालिम कोर्ष शीर्षकहरुको प्राथमिकताक्रम | १. ………………………………………………………………… <br> २. ………………………………………………………………….. <br> ३. …………………………………………………………………. | | |

साथै मैले यस तालिमको अवसर प्राप्त गरेमा तालिममा सिकेका विषयगत एवं पेशगत ज्ञान, सीप र प्रवृत्तिलाई अधिकतम् रुपमा प्रयोग गरी आफ्नो शिक्षणको स्तरमा उल्लेख्य सुधार गर्ने अटल प्रतिवद्धता जाहेर गर्दछु ।

**सिफारिशकर्ता प्रअ**
नाम:………………………………..
दस्तखत……………………

**आज्ञाकारी**
नाम: ………………………………..
दस्तखत: …………………………………

| अनुसूची: शैक्षिक तातिम केन्द्र र अगुवा स्रोतकेन्द्रमा उपलब्ध टिपिडि तालिम कोर्षहरुको बिवरण तालिका | | | | | |
|---|---|---|---|---|---|
| क्र स | माध्यमिक तहका लागि कोर्ष शीर्षक | क्रस | आधारभूत तहका लागि कोर्ष शीर्षक | क्रस | आधारभूत तहका लागि कोर्ष शीर्षक |
| १ | नेपाली भाषा शिक्षण | १ | नेपाली भाषा शिक्षण | ७ | गोन्पा विहार, गुरुकुल, मदरसा शिक्षा |
| २ | विज्ञान शिक्षा शिक्षण | २ | कक्षा शिक्षण | ८ | क्रियाकलापमा आधारित शिक्षण |
| ३ | अँग्रेजी भाषा शिक्षण | ३ | परियोजनामा आधारित सिकाइ | ९ | सिर्जनात्मक कक्षा शिक्षण |
| ४ | गणित शिक्षण | ४ | ICT in Education Basic Training | १० | English Medium Instruction (EMI) |
| ५ | सामाजिक शिक्षण | ५ | विज्ञान शिक्षा शिक्षण | ११ | अँग्रेजी भाषा शिक्षण |
| ६ | अन्य | ६ | सामाजिक शिक्षण | १२ | अन्य |

***निर्देशन:*** *माबितहको अँग्रेजी, बिज्ञान र गणित बिषयको बिषयगत तालिम र आधारभूत तहको EMI तालिमका लागि पूरानो टिपिडीको ३ वटै मोड्यल सम्पन्न शिक्षकले पनि आबेदन गर्न सक्ने तर अन्य तालिमका हकमा पूरानी टिपिडीको २ वटा मोड्युल सम्पन्न ब्यक्तिले हालको दोस्रो चरणको तालिममा र पूरानी टिपिडीको १ वटामात्र मोड्युल सम्पन्न ब्यक्तिले हालको दुबै चरणको टिपिडी तालिममा आबेदन गर्न योग्य मानिने ।*

## 3. तालिम केन्द्रहरुको काम, कर्तब्य र अधिकार क्षेत्र

क. **क्षेत्रस्तरका शैक्षिक तालिम केन्द्र-९ का बिषेश थप काम कर्तब्य**

- टिपिडी कोर्ष तालिम स्रोत सामग्री (TRM) बिकास ।
- प्राबिधिक सहायक (प्रास) तालिम सञ्चालन ।
- प्रशिक्षक प्रशिक्षण तालिम लगायत अन्य क्षमता बिकास कार्यक्रम सञ्चालन ।
- स्रोतब्यक्ति तालिम सञ्चालन ।
- अनुसन्धान कार्य सञ्चालन ।
- परीक्षा ब्यवस्थापन तथा समन्वय ।
- Virtual School कार्यक्रम सञ्चालन सहजीकरण ।
- सेवाक्षेत्र भित्रका अन्य शैक्षिक तालिम केन्द्र एवम् अगुवा स्रोतकेन्द्रहरुको प्रशासनिक समन्वय तथा प्राबिधिक सहजीकरण (technical backstopping) सञ्चालन ।
- सेवाक्षेत्र भित्रका तालिमसम्बन्धी तथ्याङ्क अध्याबधिक तथा तालिम योजना तर्जुमा ।

ख. **शैक्षिक तालिम केन्द्र-२९ को कार्यक्षेत्र**

- बार्षिक कार्यक्रम एकम् बजेटको अख्तियारी प्राप्त हुनासाथ आफ्नो सेवाक्षेत्रमा टिपिडि तालिमका लागि स्वीकृत कोटा संख्या तथा सेवा सुबिधा खुलाई ईच्छुक शिक्षकहरु मध्येबाट सार्बजनिक रुपमा सँलग्न ढाँचाको आबेदन (teachers' application for training) आव्हान गर्ने, आबेदनहरु संकलन गर्ने, संकलित आबेदनहरुको बिश्लेषणका आधारमा तालिमका लागि सम्भाब्य शिक्षकहरुको प्राथमिकता सूची (candidate-priority list) तयार गर्ने, तालिमको तालिका तय गरेपछि जिल्ला शिक्षा कार्यालय (DEO) मार्फत यसै प्राथमिकता सूचि मध्येबाट प्रशिक्षार्थी शिक्षकहरु छनौटको (selection of training candidates by DEO based on the candidate-priority list) सुनिश्चित गर्ने । साथै प्रत्येक तागिमका लागि यस्तो प्राथमिकता सूची अध्याबधिक गर्ने ।
- आफ्नो जिल्लाको सबै प्रकारका सेवाकालिन तालिम कार्यक्रमहरु (आधारभूत तालिम, बालबिकास तालिम र EGRP तालिम) सञ्चालन ।
- आफ्नो जिल्लाको आधारभूततहको पुनर्ताजगी तालिम (५-दिने) सञ्चालन
- सेवाक्षेत्र भित्रका माबितहको सेवाकालिन तालिम सञ्चालन ।
- सेवाक्षेत्र भित्रको माबि (9-12) तहको पुनर्ताजगी तालिम-५ दिने सञ्चालन
- सेवाक्षेत्र भित्रको सेवाकालिन बिशेष शिक्षक तालिम तथा बहुभाषिक तालिम सञ्चालन ।
- सेवाक्षेत्र भित्रका माबितहको प्रअ नेतृत्व बिकास तालिम सञ्चालन ।
- सेवाक्षेत्र भित्रका अगुवा स्रोतकेन्द्रहरुको प्रशासनिक समन्वय तथा प्राबिधिक सहजीकरण (technical backstopping) सञ्चालन ।
- क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय तथा केन्द्रीय निकायहरुको आवश्यक्ताका लागि बिभिन्न प्रकारका अन्य तालिम कार्यक्रमहरु सञ्चालन ।
- तालिम सम्बन्धी काम गर्ने गैरसरकारी सँस्थाहरुसँगको समन्वयमा मुख्य तालिम प्रदायक निकायकारुपमा कार्य सम्पादन ।

ग. **अगुवा स्रोतकेन्द्र-४६ को कार्यक्षेत्र**

- बार्षिक कार्यक्रम एकम् बजेटको अख्तियारी प्राप्त हुनासाथ आफ्नो जिल्लामामा टिपिडि तालिमका लागि स्वीकृत कोटा संख्या तथा सेवा सुबिधा खुलाई ईच्छुक शिक्षकहरु मध्येबाट सार्बजनिक रुपमा सँलग्न ढाँचाको आबेदन (teachers' application for training course) आव्हान गर्ने, आबेदनहरु संकलन गर्ने, संकलित आबेदनहरुको बिश्लेषणका आधारमा तालिमका लागि सम्भाब्य शिक्षकहरुको प्राथमिकता सूची (candidate-priority list) तयार गर्ने, तालिमको तालिका तय गरेपछि जिल्ला शिक्षा कार्यालय (DEO) मार्फत यसै प्राथमिकता सूचि मध्येबाट प्रशिक्षार्थी शिक्षकहरु छनौटको (selection of training candidates by DEO based on the candidate-priority list) सुनिश्चित गर्ने । साथै प्रत्येक तागिमका लागि यस्तो प्राथमिकता सूची अध्याबधिक गर्ने ।
- आफ्नो जिल्लाको आधारभूत सेवाकालिन तालिम सञ्चालन ।
- आफ्नो जिल्लाको आधारभूत पुनर्ताजगी तालिम (५-दिने) सञ्चालन ।

- आफ्नो जिल्लाको सेवाकालिन बालबिकास तालिम सञ्चालन ।
- आफ्नो जिल्लाको EGRP तालिम सञ्चालन ।
- District level TOT कार्यक्रम सञ्चालन गर्ने ।

## 4. शैक्षिक तालिम केन्द्रहरुको सेवाक्षेत्र २०७३

| क्र. स. | २९ तालिम केन्द्र | कायम भएको सेवाक्षेत्र | | क्र. स. | क्षेत्रस्तरका ९ वटा तालिम केन्द्र | कायम भएको सेवाक्षेत्र | |
|---|---|---|---|---|---|---|---|
| | | क्र. स. | जिल्ला | | | क्र. स. | तालिम केन्द्र |
| १ | इलाम | १ | इलाम | १ | भोजपुर | १ | भोजपुर |
| | | २ | पाँचथर | | | २ | खोटाङ |
| २ | झापा | ३ | झापा | २ | सुनसरी | ३ | झापा, |
| | | ४ | ताप्लेजुङ | | | ४ | मोरङ |
| ३ | सुनसरी | ५ | सुनसरी | | | ५ | सुनसरी |
| | | ६ | तेह्थुम | | | ६ | इलाम |
| | | ७ | धनकुटा | ३ | धनुषा | ७ | सप्तरी |
| | | ८ | उदयपुर | | | ८ | धनुषा |
| ४ | मोरङ | ९ | मोरङ | ४ | बारा | ९ | पर्सा |
| | | १० | संखुवासभा | | | १० | चितवन, |
| ५ | भोजपुर | ११ | भोजपुर | | | ११ | बारा |
| ६ | खोटाङ | १२ | खोटाङ | ५ | काभ्रे | १२ | नुवाकोट |
| ७ | सप्तरी | १३ | सप्तरी | | | १३ | काठमाण्डौ |
| | | १४ | सिरहा | | | १४ | काभ्रे |
| ८ | धनुषा | १५ | धनुषा | ६ | तनहुँ | १५ | तनहुँ |
| | | १६ | महोत्तरी | | | १६ | कास्की |
| | | १७ | सर्लाही | | | १७ | गोर्खा |
| | | १८ | सिन्धुली | | | १८ | म्याग्दी |
| ९ | नुवाकोट | १९ | नुवाकोट | ७ | रुपन्देही | १९ | रुपन्देही |
| | | २० | रसुवा | | | २० | पाल्पा |
| १० | काठमण्डौ | २१ | काठमाण्डौ | | | २१ | दाङ |
| | | २२ | भक्तपुर | ८ | सुर्खेत | २२ | सुर्खेत |
| | | २३ | ललितपुर | | | २३ | रुकुम |
| ११ | काभ्रे | २४ | काभ्रे | | | २४ | बाँके |
| | | २५ | सोलुखुम्बु, | | | २५ | जुम्ला |
| | | २६ | रामेछाप | ९ | दिपायल | २६ | दिपायल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २७ | दोलखा | | | २७ | बैतडी |
| | | २८ | ओखलढुङ्गा | | | २८ | कैलाली |
| | | २९ | सिन्धुपाल्चोक | | | २९ | कञ्चनपुर् |
| १२ | बारा | ३० | बारा | | | | |
| | | ३१ | रौतहट | | | | |
| १३ | पर्सा | ३२ | पर्सा | | | | |
| १४ | चितवन | ३३ | चितवन, | | | | |
| | | ३४ | मकवनपूर | | | | |
| १५ | रुपन्देही | ३५ | रुपन्देही | | | | |
| | | ३६ | कपिलवस्तु | | | | |
| | | ३७ | अर्घाखाँची | | | | |
| | | ३८ | नवपरासी | | | | |
| | | ३९ | प्युठान | | | | |
| १६ | पाल्पा | ४० | पाल्पा | | | | |
| | | ४१ | गुल्मी | | | | |
| १७ | तनहुँ | ४२ | तनहुँ | | | | |
| | | ४३ | मनाङ | | | | |
| | | ४४ | लम्जुङ, | | | | |
| | | ४५ | धादिङ | | | | |
| १८ | गोरखा | ४६ | गोरखा | | | | |
| १९ | कास्की | ४७ | पर्बत | | | | |
| | | ४८ | कास्की | | | | |
| | | ४९ | स्याङ्जा, | | | | |
| २० | म्याग्दी | ५० | म्याग्दी | | | | |
| | | ५१ | मुस्ताङ | | | | |
| | | ५२ | बाग्लुङ | | | | |
| २१ | जुम्ला | ५३ | जुम्ला | | | | |
| | | ५४ | मुगु | | | | |
| | | ५५ | कालिकोट | | | | |
| २२ | रुकुम | ५६ | रुकुम | | | | |
| २३ | दाङ | ५७ | दाङ | | | | |

| | | | |
|---|---|---|---|
| | | ५८ | सल्यान |
| | | ५९ | रोल्पा |
| २४ | बाँके | ६० | बाँके |
| | | ६१ | डोल्पा, |
| | | ६२ | हुम्ला, |
| | | ६३ | वर्दिया |
| २५ | सुर्खेत | ६४ | सुर्खेत |
| | | ६५ | दैलेख |
| | | ६६ | जाजरकोट |
| २६ | कैलाली | ६७ | कैलाली |
| २७ | डोटी | ६८ | डोटी |
| | | ६९ | अछाम |
| | | ७० | बाजुरा |
| | | ७१ | बझाङ |
| २८ | बैतडी | ७२ | बैतडी |
| | | ७३ | दार्चुला |
| २९ | कञ्चनपुर | ७४ | कञ्चनपुर् |
| | | ७५ | डडेलधुरा |

## 5. कार्यकारी निर्देशकज्यूको बिषेश र्निर्देशन

1. शैताके सप्तरी, बाँके, गोरखा र कञ्चनपुर लगायतमा थप भौतिक सुदृढीकरण गर्नु पूर्ब सम्बन्धित विद्यालयसँगको सम्झौता समझदारी नवीकरण गर्ने कार्बाही अगाडी बढाइने ।
2. शैताके बाराको जग्गा दर्ता कारबाही टुङ्ग्याउन केन्द्रबाट समन्वय तथा अन्य प्रशासनिक प्रकृया थप महत्वका साथ अगाडि बढाउने ।
3. तालिम केन्द्र NCED सम्पर्क तथा समस्या फर्स्यौट सम्यन्त्रकारुपमा सम्बन्धित शाखा-शैताके-अगुवा स्रोतकेन्द्र सम्पर्क लाई नै निरन्तर गर्ने । यसरी फर्स्यौट हुन नसके कार्यक्रम शाखा र कार्यकारी निर्देशक ज्यूसँग सोझो सम्पर्कमा रहने ।
4. अगुवा स्रोतकेन्द्रलाई छुट्टै अथवा साविकका स्रोतकेन्द्र भन्दा फरक एकइका रुपमा नभई फरक जिम्मेबारी कार्य विवरणकारुपमा आत्मासात् गर्ने र साविककै कुनै एउटा तोकिएको स्रोतकेन्द्रमा अगुवा स्रोतकेन्द्रको जिम्मेबारी थप गरिएको हुँदा सस्थागत रुपमा १०५३ वटा स्रोतकेन्द्र मध्ये ४६ वटा अगुवा स्रोतकेन्द्र र साविकको स्रोतकेन्द्र एकै इकाइ मानिएको ।
5. शैताकेका अस्थायी करार पदमा कार्यरत कर्मचारीहरुको औचित्य पुनरावलोकन गरी आगामी आब देखि अत्यावश्यक दरबन्दी तथा कर्मचारी कायम गर्न शैजविके समक्ष अनुरोध गर्ने ।
6. SSRP अवधीभरको टिपिडी प्राप्त शिक्षकहरुको नाम नामनामेसी सहितको विवरण अध्याबधिक गर्न आफ्नो सेवाक्षेत्र भित्रका जिल्लाका हकमा शैताके नै जिम्मेबार रहने ।
7. टिपिडि मोडुल सम्पन्न गरेको तर प्रमाणपत्र वितरण नगरिएका शिक्षकका हकमा स्रोतकेन्द्रबाट तयार गरिएको विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त भएपछि सम्बन्धित तालिम केन्द्रले प्रमाण-पत्र जारी गर्ने व्यवस्था मिलाउने र शैताकेबाट जारी गरिएका प्रमाण-पत्र विधिबत भर्पाइ गराई जिल्ला शिक्षा कार्यालयबाट वितरण व्यवस्था मिलाउन सकिने ।
8. प्रमाणीकरण तालिमका लागि अवकास नजिक पुगेका शिक्षकलाई छनौट गर्ने चरणमा नै निरुत्साहित गर्ने ।
9. आगामी आवका लागि प्रमाणीकरण तालिम तथा कस्टमाइजड पुनर्ताजगि तालिमका लागि सकभर अँग्रेजी, बिज्ञान, गणित, ICT र EMI बिषयका मोड्युलमा तालिम सञ्चालन गर्ने गरी कोटा वितरण लगायतको व्यवस्था मिलाइने ।
10. अर्को जिल्लामा वा हालकै जिल्लाबाट पहिलो टिपिडि मोड्युल प्राप्तलाई हालको दुबै चरणको र पहिलो र दोस्रो चरण मोडयुल सम्पन्न गरेका शिक्षकलाई हालको दोस्रो चरणको तालिममा सहभागी गराउने ।
11. दुर्गम क्षेत्रका लागि नर्मस र कार्यक्रमगत इकइगत लागतलाई विविधता (Variation) दिने तथा शैताकेहरुको क्षमता र शिक्षकको जबाफदेहितालाई ध्यानमा राखी तालिमका कोटा स्वीकृत गरिने ।
12. अगुवा स्रोतकेन्द्रलाई तालिम सम्यन्त्रको जिल्ला स्तरको नेतृत्वदायी इकाइ (Lead Training Unit) का रुपमा स्थापित गर्न सम्योजक पदस्थापना गर्ने, कार्यक्रम सञ्चालनका लागि स्वायत्तता प्रदान गर्ने तथा तालिमका मामिलामा पूर्ण जवाफदेहिता अभिबृद्दि गर्न शिक्षा विभागसँग सहकार्य गरी विशेष निर्देशन जारी गर्न कारबाही अघि बढाउने ।
13. देशभरका शिक्षक तथा प्रअ तालिम सम्बन्धी बार्षिक कार्यक्रम तथा बजेट NCED बाट नै अख्तियारी प्रदान गर्ने व्यवस्था मिलाउन शिक्षा मन्त्रालय समक्ष प्रशासनिक प्रकृया टुङ्गो लगाइने ।

……………..समाप्त..............